# जुम (Zoom) बैठक आमन्त्रण र निर्देशनहरू

भाषा पहुँच कार्यालयले तपाईंलाई मामिला नम्बर __________ का लागि अनुसूचित जुम (Zoom) बैठकमा आमन्त्रण गर्दै छ। यस बैठकको अवधिमा तपाईंलाई दोभाषेद्वारा जुम समकालीन भाषान्तरण (Zoom Simultaneous Language Interpretation) प्रयोग गरी सहायता दिइनेछ।

**नेपाली दोभाषे र नेपाली भाषी पार्टीहरुलाई:**

हामीबाट तपाईंलाई पर्न सक्ने कुनै पनि प्राविधिक र अडियो समस्या समाधान गर्न तपाईंलाई मद्दत गर्न सक्ने स्थिति राख्नको निम्ति कृपया तपाईंको अनुसूचित अदालतको सुनुवाई सुरु हुनुभन्दा **30 मिनेट अघि** तलको लगइन जानकारी प्रयोग गरी जुम (Zoom) मा जडान गर्नुहोस्।

कम्प्युटर (पिसि, म्याक वा लिनक्स), स्मार्टफोन (एप्पल iOS वा एन्ड्रोइड प्रयोग गर्ने) वा ट्याब्लेट (एप्पल iPad वा एन्ड्रोइड सञ्चालित ट्याब्लेट) बाट तपाईंको जुम (Zoom) सुनुवाईमा सामेल हुन, कृपया यो लिङ्कमा क्लिक गर्नुहोस्:

______________________________________________________________________________

जुम (Zoom) बैठक आइडी (पहिचान नम्बर/कोड): ____________________________________________

जुम (Zoom) बैठक पासवर्ड: _______________________

दोभाषेद्वारा जुम समकालीन भाषान्तरण (Zoom Simultaneous Language Interpretation) प्रयोग गरी अदालतको सफल सुनुवाईका लागि निर्देशनहरू र सिफारिसहरू। **कृपया यी निर्देशनहरू अत्यन्त ध्यानपूर्वक पढ्नुहोस्।**

1. **यो धेरै महत्त्वपूर्ण छ: कृपया तपाईंको अदालतको सुनुवाईको अनुसूचित समय सुरु हुनुभन्दा 30 मिनेटअघि जुम (ZOOM) मा सामेल हुनुहोस्।**

2. तपाईंसँग एक वकिल हुनुहुन्छ भने, कृपया जुम (Zoom) डाउनलोड र स्थापना गर्न, दर्ता गर्न र आफ्नो खातामा लगइन गर्नको लागि आफ्नो वकिललाई तपाईंको मद्दत गर्न अनुरोध गर्नुहोस् र तपाईंको अदालतको सुनुवाईभन्दा अगाडि नै बैठकमा सामेल हुनुहोस्। तपाईंसँग एक वकिल नभएमा, कृपया तपाईंको अदालतको सुनुवाई भन्दा अगाडि नैयी सबै कुरा गर्नमा तपाईंलाई मद्दत गर्न सक्ने प्राविधिक विशेषज्ञता भएको कुनै व्यक्ति भेटाउनु होस्। यसो गर्न असफल हुनाले तपाईंको मामिला समाधान गर्न ढिलाइहरू निम्तिन सक्छन्।

3. भाषान्तरणले काम गर्नको निम्ति **प्रत्येक सहभागीले एउटा अलग उपकरण (कम्प्युटर, स्मार्टफोन, ट्याबलेट, आदि) बाट जुम (Zoom) बैठकमा सामेल हुन आवश्यक छ**। तपाईंको एक वकिल हुनुहुन्छ भने, तपाईं र तपाईंको वकिलले एउटै उपकरण प्रयोग गर्नै **हुँदैन** किनभने तपाईंहरूमा हरेकले फरक भाषामा सुन्नै पर्ने हुन्छ।

4. तपाईं अदालतमा प्रत्यक्ष उपस्थित हुने योजनामा हुनुहुन्छ भने, कृपया अदालत-कक्षमा आउँदा आफूसँग स्मार्टफोन र हेडसेट/इयरबडहरू (माइक्रोफोन सहितको) ल्याउनुहोस्। यदि तपाईंको वकिल अदालत-कक्षमा प्रत्यक्ष जाने योजनामा हुनुहुन्छ भने, तपाईंको वकिलले एउटा उपकरण र हेडसेट पनि ल्याउनुपर्छ। हेडसेट वा इयरबड लगाउनाले अडियो गुणस्तर सुधार्न मद्दत पुग्ने छ र तपाईंलाई अझ राम्रोसँग दोभाषेलाई सुन्ने स्थिति बनाउने छ।

5. तपाईं जुम (Zoom) मार्फत आफ्नो अदालतको सुनुवाईमा सामेल हुँदा, तपाईंले अनिवार्य रुपमा आफ्नो अडियो सञ्चालन गर्नु पर्नेछ। तपाईंले यसो नगर्नुभएमा, तपाईंले बोल्दा कसैले पनि तपाईंलाई सुन्न सक्षम हुने छैनन्। "उपकरणको अडियोको साथमा सामेल हुनुहोस्" ("Join with device audio") भन्ने वा यस्तै भाषाको प्रयोग गरिएको पप-अप सन्देश हेर्नुहोस्।

6. तपाईंको अदालतको सुनुवाई सुरु हुनुभन्दा अगाडि नै तपाईंले आफ्नो अडियो म्युट (आवाज बन्द) र अनम्युट (आवाज खुला) गर्ने तरिका सिक्न सिफारिस गरिन्छ। तपाईंले आफ्नो बोल्ने पालो नआएसम्म आफ्नो सुनुवाईको अवधिमा आफ्नो माइक्रोफोनलाई म्युट (आवाज बन्द) गरी राख्नुपर्छ। न्यायाधीश वा तपाईंका वकिलले तपाईंलाई आफ्नो बोल्ने पालो भएको थाहा दिनु हुनेछ। जब यस्तो हुन्छ, तपाईंको माइक्रोफोन अनम्युट (आवाज खुला) गर्नमा तपाईं नै जिम्मेवार रहनु हुनेछ।

7. **तपाईंको बोल्ने पालो आउँदा, कृपया स्पष्ट रूपमा र बिस्तारै गरी बोल्नुहोस्।** याद राख्नुहोस् कि दोभाषेले तपाईंले भन्ने कुरालाई ठीक तपाईंले भने जस्तै गरी सबै कुरा दोहोऱ्याएर भन्नुपर्छ। कृपया दोभाषेलाई तपाईंका लागि अनुवादन गर्न दिनको निम्ति केही सेकेन्डको अन्तरालमा **रोकिनुहोस्**। तपाईंले बिस्तारै र बेलाबेलामा नरोकिएर बोल्नु भएमा महत्त्वपूर्ण जानकारी छुट्न सक्ने सम्भावना हुन्छ।

8. तपाईंलाई पर्न सक्ने कुनै पनि प्राविधिक र अडियो समस्याहरू समाधान गर्नमा तपाईंलाई मद्दत गर्नको निम्ति दोभाषे तपाईंको अदालतको सुनुवाईको अनुसूचित सुरु हुने समयभन्दा 30 मिनेटअघि नै जुम (Zoom) बैठकमा सामेल रहनु हुनेछ। तपाईंलाई प्राविधिक र अडियो समस्याहरू समाधान गर्न मद्दत गर्नमा दोभाषे खुसी हुनुहुन्छ, तर केही समस्याहरू अदालतको अगाडि नै तुरुन्तै समाधान गर्न सम्भव नहुन सक्छन्। तपाईंको अदालतको सुनुवाई सुरु हुनुभन्दा अगाडि नै कुनै पनि मुख्य प्राविधिक समस्या समाधान गर्न सम्भव भएसम्म तयार हुनु तपाईंकै जिम्मेवारी हो।